# अनौपचारिक शिक्षा नीति, २०६३

नेपाल सरकार

शिक्षा मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी, भक्तपुर

प्रकाशकः

नेपाल सरकार

शिक्षा मन्त्रालय

अनौपचारिक शिक्षा केन्द्र

सानोठिमी, भक्तपुर

सर्वाधिकारः प्रकाशकमा

नेपाल सरकारबाट मिति २०६३/१०/२५ गते स्वीकृत

प्रकाशनः वि.सं. २०६४

पुनःमुद्रणः वि.सं २०६७

विषयसूची

अनौपचारिक शिक्षा नीति, २०६३

अनौपचारिक शिक्षाले विभिन्न किसिमका समूहको लागि आफ्नो कार्य लक्ष्य बनाइ सेवा प्रदान गरिरेहेको छ। सबैलाई साक्षर बनाउने दृष्टिकोणले दुर्गम र भित्री बस्तीका निरक्षरहरु, गरिबीको रेखामुनि रहेका व्यक्तिहरु र कारखानाका निरक्षर कामदारहरुलाई अनौपचारिक शिक्षाका लक्षित समूहको रुपमा लिइएको छ। ती लक्षित समूहहरुलाई अनौपचारिक शिक्षाले सचेतना शिक्षा, साक्षरता, साक्षरोत्तर र निरन्तर शिक्षा .सीप मूलक, आयमूलक  कार्यक्रमहरु॰ सञ्चालन गर्दछ। वैकल्पिक शैक्षिक अवसरको दृष्टिकोणले अनौपचारिक शिक्षाले विद्यालय नगएका वा छाडेका युवायुवती तथा केटाकेटीहरुको लागि खुला विद्यालय, स्थानीय सीपमा आधारित प्राविधिक एवम् व्यावसायिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्दछ। पेसागत शिक्षा (career education) को दृष्टिकोणले अनौपचारिक शिक्षाले विशेषगरी शारीरिक श्रम गरी जीवनयापन गर्नुपर्ने समूहहरुलाई समेत आफ्नो लक्षित समूह बनाई तिनलाई परामर्श सेवा, तालिम र प्राज्ञिक सहयोग गर्दछ। सामाजिक समाहितता (social inclusion)को दृष्टिकोणले अनौपचारिक शिक्षाले लैङ्गिक , जात विशेष (caste specific) जातीय (caste) भौतिक र भाषिक समस्या भएका व्यक्तिहरुलाई लक्षित गरी तिनीहरुलाई उपयोगी हुने कार्यक्रमहरु सञ्चालन गरिदै आएको छ।

विगतका अनुभवहरुका आधारमा अनौपचारिक शिक्षामा अनेकन चुनौतीहरु .सोच सम्बन्धी, व्यवस्थापन सम्बन्धी र कार्यान्वयन सम्बन्धी॰  देखिएका छन्। कसरी अनौपचारिक शिक्षाको विस्तारित स्वरुपबारे विभिन्न तहमा जानकारी गराउने? कसरी विस्तारित सोच सापेक्ष मानवीय स्रोतहरुको परिचालन गर्ने? कसरी अनौपचारिक शिक्षा कार्यक्रमहरुबीच समन्वय गर्ने? कसरी तिनीहरुलाई मूलप्रवाहीकरण गर्ने? कसरी व्यक्तिगत क्षमता अनुसार आ-आफ्नै गतिमा सिक्न सक्ने अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने? यि प्रश्नको समाधानका लागि अनौपचारिक शिक्षाको नीति एवम् कार्यनीतिहरुको आवश्यकता महसूस भएको थियो। सोही आवश्यकता पूरा गर्ने अभिप्रायले समय सापेक्ष अनौपचारिक शिक्षाका विस्तृत अवधारणाहरुलाई ध्यानमा राखी मन्त्रीपरिषद्को मिति २०६३ माघ २५ गतेको निर्णयानुसार अनौपचारिक शिक्षाको नीति २०६३ स्वीकृत गरेको छ। अनौपचारिक शिक्षाको नीति, कार्यनीति र रणनीतिहरु अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने सरकारी तथा गैह्र सरकारी निकायहरुको लागि मार्ग निर्देश हुनेछ।

**नीति १ः विभिन्न उमेर र वर्गका व्यक्तिहरुलाई उनीहरुको आवश्यकता अनुरुपको प्राज्ञिक तथा व्यावहारिक ज्ञान, सीप र सूचना प्रदान गर्ने गरी अनौपचारिक शिक्षाको क्षेत्र विस्तार गरिनेछ।**

*यस नीति अन्तर्गत निम्न लिखित कार्यनीतिहरु अपनाइने छ।*

- प्रौढ   महिला र युवा लाई साक्षर बनाइनेछ।
- वैकल्पिक विद्यालय शिक्षामार्फत विद्यालय जान नपाउने र बीचैमा विद्यालय छाड्नेहरुलाई विद्यालयीय शिक्षाको अवसर प्रदान गरिने छ।
- विद्यालयीय शिक्षामा जान नसक्नेहरुका लागि व्यावसायिक शिक्षाको प्रवन्ध मिलाइने छ।
- खुला विद्यालयमार्फत विद्यालयतहको समकक्षी शिक्षा उपलब्ध गराइनेछ।
- विभिन्न तहका शैक्षिक क्षमता र सीप भएका व्यक्तिहरुलाई निरन्तर शिक्षा प्राप्त गर्ने अवसर दिलाइने छ।
- सचेतनाका लागि मौखिक साक्षरता अभियान सञ्चालन गरिने छ।
- खुला विश्वविद्यालयमार्फत उच्च तहको समकक्षी शिक्षा उपलब्ध गराइने छ।

*रणनीति*

माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुने छन्।

अनौपचारिक शिक्षा शैक्षिक सूचना प्रणाली (Non Formal Education Management Information System) को आधारमा गाउँ/नगर शिक्षा योजना तयार पार्ने र यो योजनालाई जिल्ला आवधिक योजना र जिल्ला शिक्षा योजनाको अङ्गको रुपमा विकसित गर्ने।

शैक्षिक संस्थाहरुलाई प्रोत्साहित गरी खुला विद्यालय सञ्चालन गर्ने।

- गैरसरकारी संस्था, शैक्षिक संस्था र सामुदायिक अध्ययन केन्द्रहरुले विभिन्न तहका शैक्षिक क्षमता भएका व्यक्तिहरुका निम्ति निरन्तर शिक्षाको प्रवन्ध गर्ने।
- छलफल सत्र र सञ्चारका विभिन्न माध्यमहरु प्रयोग गरी मौखिक साक्षरता कार्यक्रम सञ्चालन गर्ने।
- साक्षरोत्तर शिक्षालाई आयआर्जन कार्यक्रमसँग आबद्ध गर्ने।
- पढ्ने विषयवस्तु तथा पढाउने शैलीमा जीवनपयोगी सीपहरु आबद्ध गर्ने।

- छुट्टाट्टै खुला विश्वविद्यालय नखुलेसम्म उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने संस्थाहरुबाटै उच्च तहको समकक्षी शिक्षा उपलब्ध गराउने।

**नीति २ः शिक्षाको अवसरबाट बञ्चित वा बीचैमा पढाइ छाडेकाहरुलाई औपचारिक शिक्षा सरह मान्यता भएको अनौपचारिक शिक्षा प्रदान गरिनेछ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु अपनाइने छन्।*

- वैकल्पिक विद्यालय शिक्षालाई प्राथमिक तह समकक्षी बनाइने छ।
- प्रौढ/महिला साक्षरता कक्षालाई क्रमशः प्राथमिक तहको समकक्षी बनाइने छ।
- वैकल्पिक विद्यालय शिक्षा कार्यक्रमलाई क्रमशः बाह्र कक्षा बराबरको बनाइने छ।
- खुला विद्यालयमार्फत निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तह बराबरको शिक्षा दिइने छ।
- खुला विश्वविद्यालयलाई अरु विश्वविद्यालयको समकक्षी बनाइने छ।
- पेशागत र व्यावसायिक कोर्सहरुलाई ननक्रेडिट कोर्सको रुपमा विकसित गरिने छ।
- संश्लेषित (condensed) कोर्सको सहयोगले औपचारिक र अनौपचारिक शिक्षाका कार्यक्रमहरुलाई एक अर्काको समकक्षी बनाइने छ।
- सामुदायिमक अध्ययन केन्द्रलाई शिक्षाको विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने थलोको रुपमा विकसित गरिने छ।

*रणनीति*

माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।

- विभिन्न उमरे समूहका बालबालिका, किशोर किशोरी, प्रौढ तथा महिलाहरुका लागि उपयोगी हुने गरी अनौपचारिक शिक्षाको कार्यक्रम बनाउने।
- औपचारिक शिक्षोन्मुख अनौपचारिक शिक्षा कार्यक्रमका पाठ्यक्रमहरु प्राथमिक तहदेखि क्रमशः विश्वविद्यालय तहसम्मको शिक्षासँग मिल्दोजुल्दो बनाउने।
- संश्लेषित पाठ्यक्रम तथा पाठ्यांशहरु बनाउने र लागू गरिने। यस्ता पाठ्यक्रम एवम् पाठ्यविषयहरु प्राथमिक तहदेखि क्रमशः विश्वविद्यालय तहसम्मका हुने।

- स्वाध्यायनबाटै पढेका व्यक्तिहरुलाई उनीहरुको योग्यताअनुसार परीक्षा र मूल्याङ्कनका लागि आधिकारिक शैक्षिक संस्थाद्वारा परीक्षाको माध्यमबाट समकक्षता प्रमाणपत्र दिइने।
- स्वाध्यायन सामग्री निर्माण र संचालन पद्धति विकास गरी त्यसको प्रचारप्रसार गर्ने।

**नीति ३ः शिक्षामा पहुँच बढाउन विशेष व्यवस्था गरिने छ।**

*यस नीति अन्तर्गत निम्न कार्यनीतिहरु हुनेछन्।*

- मागमा आधारित सघन साक्षरता कार्यक्रम (Need based intensive literacy program) सञ्चालन गरिनेछ।
- अनौपचारिक शिक्षामा महिलालाई प्राथमिकता दिइने छ।
- स्वयंमसेवी र सहयोगी व्यक्तिहरु परिचालन गरिने छ।
- खुला विद्यालय र खुल विश्वविद्यालयमार्फत समकक्षी कार्यक्रम चलाइने छ।
- विभिन्न निकायहरुलाई अनौपचारिक शिक्षा कार्यक्रमअन्तर्गत खुला विद्यालय, पेशागत शिक्षालय र व्यावसायिक शिक्षालयहरु सञ्चालन गर्न अनुमति तथा सहयोग प्रदान गरिने छ।
- स्वयंसेवी र सहयोगीहरुका लागि तालिम सामग्री विकास गरिने छ।
- जीवनोपयोगी तथा व्यावसायिक तालिम सञ्चालन गरिने छ।
- मौखिक साक्षरता कार्यक्रमअन्तर्गत सचेतना कार्यक्रमहरु सञ्चालन गरिने छ।
- औपचारिक शिक्षा कार्यक्रममार्फत अनौपचारिक मोडबाट समकक्षी स्वरुपको शिक्षा प्रदान गरिने छ।
- रोजगारी दिने संस्था/व्यक्तिलाई अनिवार्यरुपले आफ्ना श्रमिकहरुलाई स्तरअनुसारको अनौपचारिक शिक्षा प्रदान गर्न प्रोत्साहित गरिने छ।
- दुर्गम र सहरी बस्तीका भित्री भागमा बसेका बालबालिका, युवायुवती, दलित, महिला, धार्मिक समूह, जाति, जात विशेष तथा बालश्रमिकहरुलाई कामको प्रकृति हेरी विविध खाले अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी गराइने छ।
- सबैखाले संघसंस्था र सञ्चारका माध्यमहरुलाई परिचालन गरिने छ।
- सामाजिक, आर्थिक एवम् शैक्षिक दृष्टिकोणले पछाडि परेका समुदायको शिक्षामा पहुँच बढाउने उपयुक्त पाठ्यक्रम, शिक्षक र सहयोगीकार्यकर्ता तयार पारिने छ।

- आर्थिकरुपले विपन्न सहभागीहरुलाई साक्षर बनाइ आयआर्जन समूहमा आबद्ध गरिने छ।

*रणनीति*

माथिक नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।

- समुदाय परिचालन कार्यक्रममार्फत सर्भेक्षण गरी गाउँ/नगर शिक्षा योजना बनाउने।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले परिवारभित्रको लक्षित व्यक्तिसमेत पहिचान गरी त्यसलाई मिल्ने गरी कार्यक्रमहरुको तय गर्ने।
- स-साना समूहका साक्षरता कार्यक्रमको व्यवस्था गर्ने।
- विभिन्न कुनाकाप्चा र समूह उपसमूहमा रहने व्यक्तिहरुलाई सेवा पुर्‍याउन स्वयंसेवीहरु तयार गरी परिचालन गर्ने।
- लक्षित क्षेत्रहरुमा प्रौढ/महिला साक्षरता, मौखिक साक्षरता कार्यक्रम, वैकल्पिक विद्यालय, खुला विद्यालय र खुला विश्वविद्यालयहरुको विस्तार गर्ने।
- छोटो  अवधिका कार्यक्रमहरु र प्याकेजहरु विकास गरी कार्यान्वयन गर्ने।
- कार्यक्रमहरु अनौपचारिक शिक्षाका शिक्षार्थीहरुको समयानुकूल सञ्चालन गर्ने।
- साक्षरता न्यून रहेका भौगोलिक क्षेत्रमा कार्यक्रम लक्षित गर्ने।
- साक्षरता न्यून रहेका वर्ग जात जातिमा कार्यक्रम लक्षित गर्ने।
- विशेष अवस्थाका बालबालिका जस्तै द्वन्द्वबाट पीडित र बालश्रमिकहरुमा कार्यक्रमहरु लक्षित गर्ने।

**नीति ४ः पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण तथा वितरण प्रक्रियालाई स्थानीयकरण गर्दैलैजाने सन्दर्भमा विकेन्द्रित गरिने छ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु अपनाइने छन्।*

- अनौपचारिक शिक्षा कार्यक्रम संचालन गर्ने सबै सरकारी, गैरसरकारी र निजी संस्थाहरुले अनौपचारिक शिक्षा केन्द्रसँग समन्वय र सहकार्य गरी साक्षरता तथा प्राथमिक तहको अनौपचारिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्री निर्माण उत्पादन एवम् वितरण गर्नेछन्।

- प्रौढ, महिला, बाल शिक्षा र वैकल्पिक विद्यालय कार्यक्रमका सामग्रीको गुणस्तर अनौपचारिक शिक्षा केन्द्रले निर्धारण गरे बमोजिम हुनेछ।
- खुला विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सिकाइ सामग्रीको स्तर निर्धारण तोके बमोजिमको हुनेछ।
- खुला विश्वविद्यालयले यसका क्याम्पसहरुका लागि गुणस्तर निर्धारण गर्ने छ।
- अनौपचारिक शिक्षा कार्यक्रमका लागि बनेका सामग्रीहरु लैङ्गिक, जात विशेष, जातीय र भाषिक दृष्टिले विश्लेषण गर्दा उपयुक्त ठहरिनु पर्नेछ। यसको उपयुक्तता अनौपचारिक शिक्षा केन्द्रद्वारा मूल्याङ्कन हुने छ।
- मूल पाठ्यक्रम तथा मूल सामग्रीको खाका बनाउने क्रममा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था एवम् गैरसरकारी संस्थाहरुलाई सहभागी गराइने छ।
- पाठ्यक्रम पाठ्यपुस्तक निर्माण, उत्पादन र वितरणमा सूचना तथा सञ्चार प्रविधि (information and communication technology) परिचालन गरिनेछ।

**रणनीति**

*माथिक नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुने छन्।*

- अनौपचारिक शिक्षा केन्द्रले आधारभूत तथा साक्षरोत्तर कार्यक्रमका लागि अपेक्षित शैक्षिक उपलब्धिहरुको सूची तयार गरी अनौपचारिक शिक्षाको पाठ्यपुस्तक तथा अन्य सामग्री बनाउने संस्थालाई सो सूची उपलब्ध गराउने।
- शैक्षिक सामग्रीहरुमा जीवनोपयोगी सीपहरु समावेश गर्ने।
- अनौपचारिक शिक्षा केन्द्रले कार्यक्रम सञ्चालक, निर्णयकर्ता, सामग्री उत्पादक र दाताहरुसँग बसेर यस्तो सूचीलाई अद्यावधिक गर्ने।
- अद्यावधिक सूचीअनुसार व्यक्ति तथा संस्थाहरुले आवशयक सामग्रीहरु बनाउने।
- समकक्षताका लागि वैकल्पिक विद्यालय, खुला विद्यालय र खुला विश्वविद्यालयका पाठ्यक्रम, पाठ्यसामग्री र सहायक एवम् पूरक सामग्रीहरु अनौपचारिक शिक्षाका अपेक्षित उपलब्धिका आधारमा बनाउने।
- अनौपचारिक शिक्षा केन्द्रले आफ्ना सबैखाले वैकल्पिक विद्यालय कार्यक्रमहरुको लागि संश्लेषित पाठ्यक्रम बनाउने, संशोधन गर्ने र अद्यावधिक गर्ने।

- इच्छुक शैक्षिक संस्थाहरुलाई संश्लेषित पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र प्रयोग गर्न प्रोत्साहित गर्ने ,
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था एवम् व्यक्तिहरुले सम्बन्धित निकायसँग स्वीकृति तथा सहयोग लिई विभिन्न भाषामा स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री र सहायक एवम् पूरक सामग्रीहरु तयार गर्ने, छाप्ने र वितरण गर्ने र एकअर्काका सामग्रीहरुको प्रयोग गर्ने कामहरु गर्ने।
- ती सामग्रीहरुको सिकाइउपलब्धि र उपयुक्तता स्तर निर्धारण सम्बन्धित संस्थाले गर्ने।
- स्थानीय तथा राष्ट्रिय पाठ्यक्रम, पाठ्यवस्तु र पूरक सामग्रीहरुको स्थानीय बजारमा उपलब्धता, ती सामग्रीहरु शैक्षिक उपलब्धिको अद्यावधिक सूचीअनुसार भए नभएको र जात विशेष, जातीय, लैङ्गिक, धार्मिक, भाषिक र अपाङ्गताका मुद्दाहरुलाई ध्यानमा राखिएको वा नराखिएको सम्बन्धित संस्थाले एकिन गर्ने।
- विपन्न एवम् लक्षित समूहलाई अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालकले पाठ्यसामग्रीहरु निःशुल्क उपलब्ध गराउने।

**नीति ५: शिक्षामा पहुँच, गुणस्तर र समता प्राप्त गर्नका लागि सामुदायिक अध्ययन केन्द्रहरुलाई कार्यक्रम सञ्चालन र संयोजन आधार बनाइने छ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु अपनाइनेछ।*

- सामुदायिक अध्ययन केन्द्रहरु, गैरसरकारी संस्था, स्थानीय समूह, विद्यालय, स्थानीय निकाय र सरकारी संस्थाहरुले एकल वा संयुक्तरुपमा तोकिए बमोजिम सञ्चालन गर्न सक्नेछन्।
- समुदायका आवश्यकता अनुसार शैक्षिक लगायत विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- समुदायका प्रौढ तथा युवा सदस्यहरुलाई आवश्यक पर्ने अन्य जीवनोपयोगी सीपलाई ध्यानमा राखी विविध कार्यक्रमहरु सञ्चालन गरिने छ।
- सामुदायिक विकास, उत्पादन वृद्धि र सांस्कृतिक संरक्षण तथा निरन्तर शिक्षाका लागि सामुदायिक अध्ययन केन्द्रलाई परिचालन गरिने छ।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- स्थानीय निकायले नयाँ क्षेत्रमा सामुदायिक अध्ययन केन्द्रको स्थापना गर्दा विशेष लक्षित समूहलाई ध्यान दिने।
- सामुदायिक अध्ययन केन्द्रलाई सबै किसिमको अनौपचारिक शिक्षा विस्तारका लागि केन्द्रविन्दु बनाउने।
- विभिन्न व्यक्ति, समूहलाई परिचालन गरी समुदायमा साक्षरता अभियान सञ्चालन गर्ने।
- समूहमा आबद्ध महिलाहरुको निम्ति शिशुस्याहर केन्द्रको प्रवन्ध गर्ने।
- समुदायको आवश्यकतानुसार समूहको हितका लागि विभिन्न विकासात्मक कार्यहरु सञ्चालन गर्ने।

**नीति ६ः विकेन्द्रिकृत तरिकाबाट अनौपचारिक शिक्षा कार्यक्रमहरुको कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरिनेछ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुनेछन्।*

- सरकारी, गैरसरकारी र स्थानीय निकायहरुको एकल र संयुक्तरुपमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरिनेछ।
- अनुगमन एवम् सुपरिवेक्षण गर्दा सहभागितात्मक विधि अपनाइने छ।
- सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कनपश्चात् स्थानीय एवम् केन्द्रीय तहमा छलफल सत्रहरुको आयोजना गरी प्रतिवेदन प्रस्तुत गरिने छ।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- अनौपचारिक शिक्षा केन्द्रले अनौपचारिक शिक्षा प्रदान गर्ने अन्य निकायहरुको अनुगमन गर्नका लागि बेलाबेलामा ती निकायहरुको निरीक्षण गर्ने, समूहमा छलफल गराउने र स-साना अनुसन्धानात्मक कार्यहरु गर्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा एकाइलाई अनिवार्यरुपमा आ-आफ्ना कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने कार्यमा सघाउ पुऱ्याउने।

- प्रधानाध्यापकले आफ्नो विद्यालयअन्तर्गतका वैकल्पिक विद्यालय कार्यक्रमहरुको सुपरिवेक्षण गर्ने।
- सामुदायिक परिचालकले आफ्नो केन्द्रअन्तर्गत सञ्चालित बाल/प्रौढ/महिला साक्षरता कक्षाको अनुगमन र सुपरिवेक्षण गर्ने।
- सबैखाले सुपरिवेक्षकहरुले आफूले गरेको निरीक्षणको प्रतिवेदन गाविस/नपा र सम्बन्धित संस्थामा पठाउने।
- अन्य संस्थाहरुले चलाएको खुला विद्यालयको सुपरिवेक्षण गर्ने काम सम्बन्धित निकायले तोकेको व्यक्ति/संस्थाको हुने।
- अनौपचारिक शिक्षा सञ्चालन गर्ने निकायहरुले आ-आफ्नै आन्तरिक सुपरिवेक्षकहरु भर्ना गर्ने।
- सुपरिवेक्षकहरुको योग्यता तोकेबमोजिम हुनुपर्ने।
- अनौपचारिक शिक्षा सञ्चालन गर्ने सहयोगीकार्यकर्ताले सहभागीको शैक्षिक उपलब्धि मापन गर्नका लागि व्यक्तिगत प्रोफाइल राख्ने।
- स्थानीय जिल्लास्तरीय निकायहरुले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले तोकेबमोजिमको जिम्मेवारी वहन गर्ने छ।

**नीति ७: साधन र स्रोत जुटाउने तथा सदुपयोग गर्नका लागि विभिन्न निकायहरु बीच साझेदारी,सञ्जाल र समन्वय कायम गरिनेछ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुनेछन्।*

- अनौपचारिक शिक्षा केन्द्रले अनौपचारिक शिक्षासँग सम्बद्ध सबै निकायहरुको केन्द्रीय कार्यथलोका रुपमा साझेदारी, सञ्जाल र समन्वयको कार्य गर्नेछ।
- राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले मानवीय, आर्थिक र भौतिक साधनस्रोत उपलब्ध गराउनेछन्।
- अनौपचारिक शिक्षा केन्द्रले अनौपचारिक शिक्षा परिषद्को संयोजकत्वमा अन्य मन्त्रालयहरुसँग पाठ्यसामग्री तयार गर्न र विषयबस्तुको दोहोरोपन कम गर्न आवश्यकतानुसार समन्वय गर्नेछ।

- अनौपचारिक शिक्षा परिषद्मार्फत संयुक्त राष्ट्रसंघीय संस्था, अन्तराष्ट्रिय गैरसरकारी संस्था र अन्य दातृ संस्थाहरुसँग समन्वय गरी "सबैका लागि शिक्षा"को उद्देश्य प्राप्त गर्न पहल गरिनेछ।
- गाविस/नगरपालिकाले अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सहयोग लिन सक्ने छन्।
- खला विद्यालय र खुला विश्वविद्यालयले मानवीय, आर्थिक तथा भौतिक स्रोतको आपसी साझेदारी गर्ने नीति अवलम्बन गर्ने छन्।
- कार्यक्रमहर बीच दोहोरोपन हटाउन कार्यान्वयन तहमा कार्यगत समन्वय र साझेदारी गरिने छ।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- व्यक्तिगत एवम् संस्थागत अनुभव आदान प्रदान गरेर अनौपचारिक शिक्षाका सहकर्मीहरु बीच मानवीय स्रोतको साझेदारी गर्ने।
- दोहोरोपन हटाई स्थानीय तहमा उपलब्ध स्रोतको सदुपयोग गर्नका लागि अनौपचारिक शिक्षा तथा अन्य कार्यक्रमका सहकर्मीहरुबीच साझेदारी गर्ने।
- जिल्लामा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संघ संस्थाहरुको रोष्टर जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा एकाइमा अनिवार्य रुपले राख्ने।
- अनुसन्धान लगायतका अनौपचारिक शिक्षाका विविध पक्षमा साझा कार्यक्रमहरु सञ्चालन गर्ने।
- अनौपचारिक शिक्षा केन्द्रले आफ्ना साझेदार संस्थाहरुको सहयोगमा मानवीय स्रोतको स्तरवृद्धि गरी अद्यावधिक गर्ने।
- अनौपचारिक शिक्षाका विविध तहमा आर्थिक र भौतिक साधन स्रोतहरुको आदान प्रदान गर्ने।
- जिल्ला शिक्षा कार्यालयले जिविस को सामाजिक समिति र अनौपचारिक शिक्षा समितिले जिल्ला शिक्षा कार्यालयको अनौपचारिक शिक्षा  एकाइसँग कार्यगत सम्बन्ध राख्ने।
- सामाजिक समितिको संयोजक जिल्ला शिक्षा अनौपचारिक शिक्षा समितिको सदस्य रहने।

- अनौपचारिक शिक्षा समितिले जिल्ला भरका अनौपचारिक शिक्षा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन समेत गर्ने।
- अनौपचारिक शिक्षा सञ्चालन गर्ने गैरसरकारी संस्थाहरु र जिल्ला महासंघले अनौपचारिक शिक्षा समितिसँग कार्यक्रम कार्यान्वयनका सन्दर्भमा नियमित छलफल गर्ने।
- अनौपचारिक शिक्षा परिषद र जिल्ला अनौपचारिक शिक्षा समितिहरुलाई स्रोतसाधन सम्पन्न बनाउने।
- सञ्चार क्षेत्रसँग साझेदारी गरी अनौपचारिक शिक्षा केन्द्रले सामुदायिक अध्ययन केन्द्रमा पत्र-पत्रिकाहरु उपलब्ध गराउने।
- सञ्चार क्षेत्रसँग साझेदारी गरी अनौपचारिक शिक्षाबारे प्रचार प्रसार गर्ने।
- स्थानीय र राष्ट्रिय स्तरमा मानवीय, भौतिक र आर्थिक स्रोतको साझेदारी गर्ने।
- अन्तर्राष्ट्रिय स्तरमा साझेदारी गर्नको लागि शिक्षा तथा खेलकुद मन्त्रालय वा समाज कल्याण परिषद्मार्फत जाने।

**नीति ८ः पहुँच सुनिश्चित गर्न र गुणस्तर तथा सहअस्तित्व कायम गर्न समावेशी (inclusive education) शैक्षिक नीतिहरु अपनाइने छ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुने छन्।*

- जातीय, जातविशेष, लैङ्गिक, भाषिक र अपाङ्गता विभेद अन्त गर्नका लागि विशेष शैक्षिक वातावरण तयार गरिने छ।
- विविध खाले अपाङ्गताहरुलाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन विशेष व्यवस्था मिलाइने छ।
- सशस्त्र द्वन्द्वबाट पीडित बालबालिका तथा प्रौढहरुलाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन विशेष व्यवस्था मिलाइने छ।
- बालबालिकाहरुलाई गुणस्तरीय शिक्षामा पहुँच दिलाउन विशेष व्यवस्था मिलाइने छ।
- तोकिएको न्यूनतम योग्यता भएका पिछडिएका समुदाय, महिला र स्थानीय भाषा बोल्नसक्ने व्यक्तिलाई अनौपचारिक शिक्षा कार्यक्रमका सहयोगीकार्यकर्ता, सुपरीवेक्षक र स्रोतव्यक्ति बनाइने छ।

- कुन भाषामा पढ्ने पढाउने भनी छान्ने अधिकार समुदाय /समूहलाई दिइने छ र आवश्यकताअनुसार भाषिक स्थानान्तरणको प्रक्रिया अपनाइने छ।
- भाषिक सहअस्तित्वको सिद्धान्तअनुसार बहुसांस्कृतिक सिकाइ गरिने छ।
- मातृभाषामा साक्षरता सामग्रीहरुको निर्माण गरिने छ।
- सूचना प्रविधि (ICT) को माध्यमबाट अनौपचारिक शिक्षाको पहुँच व्यापक बनाइने छ।
- पिछडिएका समुदायका संस्थाहरुलाई अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइने छ।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- प्रशिक्षक/सहयोगीकार्यकर्ता/शिक्षक/सुपरिवेक्षक र परिचालकहरुलाई समाहित शिक्षण विधिबारे तालिम दिने।
- जातीय र जात विशेष -दलित, जनजाती, लोपन्मुखजाति॰ लैङ्गिक, भाषिक, अपाङ्ग, बालश्रमिक र सशस्त्र द्वन्द्वबाट पीडितहरुको साझा तथा विशेष समस्याबारे छलफल गरी प्रशिक्षक/सहयोगीकार्यकर्ता/शिक्षक/सुपरिवेक्षक र परिचालकहरु तयार पार्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले प्रशिक्षक, सहयोगीकार्यकर्ता, शिक्षक, सुपरीवेक्षक र परिचालकहरुलाई समूह विशेषको स्थानीय भाषा र साझा मुद्दा एवम् समस्याबारे प्रवोधिकरण गर्ने।
- स.का र शिक्षकहरुलाई स्थानीय भाषामा प्रकाशित सामग्रीहरु उपलब्ध गराउने।
- मूल र सहायक पाठ्यसामग्रीका अन्त्यमा त्यहाँ प्रयोग भएका शब्दावलीलाई विभिन्न भाषामा अर्थिने गरी शब्दको अर्थ दिने।

**नीति ९ः अनौपचारिक शिक्षा कार्यक्रम चलाउने सबै संस्थाहरुको साझा तथ्याङ्क भण्डार (data base) बनाइने छ।**

*यस अन्तर्गत निम्नलिखित कार्यनीतिहरु अपनाइने छन्।*

- स्थानीय निकाय, जिल्ला वा केन्द्रमा उपलब्ध तथ्याङ्कहरुलाई प्रयोग गरी लक्षित क्षेत्र निर्धारण गरिने छ।

- स्थानीय निकायले समुदाय परिचालकमार्फत सर्वेक्षणगरी गाविस/नपा तहमा अनौपचारिक शिक्षा शैक्षिक सूचना प्रणाली (Non-Formal Education Management Information System) खडा गर्ने र उपलब्ध तथ्याङ्कलाई प्रणालीबद्ध रुपमा अद्यावधिक गर्नेछ।
- जिशिका को अनौपचारिक शिक्षा एकाइले सो सर्वेक्षणमा बालश्रमिक, विद्यालय नजाने बालबालिका र निरक्षर महिला तथा पुरुष र दलित, जनजाति तथा धार्मिक समूहसम्बन्धी जानकारी समावेश गर्ने छ।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने सबै संस्थाहरुले एउटै डाटावेश प्रयोग गर्न सक्ने प्रवन्ध मिलाइने छ।
- अनौपचारिक शिक्षा केन्द्रले राष्ट्रिय एवम् जिल्लास्तरीय डाटावेश बनाउने काममा सहजकर्ताको भूमिका निर्वाह गर्ने छ।
- राष्ट्रिय जनगणनामा साक्षरतासम्बन्धी सही तथ्याङ्क बटुल्न अनौपचारिक शिक्षा केन्द्रले केन्द्रीय तथ्याङ्क विभागसँग सहकार्य गर्ने छ।
- पिछडिएका समुदायका संस्थाहरुलाई अनौपचारिक शिक्षा सञ्चालन गर्नका लागि प्राथमिकता दिइनेछ।
- Database disaggregate data तयार गरिनेछ।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुने छन्।*

- गाउँ शिक्षा योजना/नगर शिक्षा योजनाद्वारा सङ्कलन गरेको साक्षरतासम्बन्धी तथ्याङ्क प्रयोग गर्ने।
- उपलब्ध जिल्ला स्तरीय तथ्याङ्कको निचोडलाई जिशिकामा राख्ने।
- अनौपचारिक शिक्षा कार्यक्रमको जिल्लागत तथ्याङ्कको निचोड अनौपचारिक शिक्षा केन्द्रमा राख्ने।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाले कार्यक्रमसम्बन्धी सम्पूर्ण तथ्याङ्कहरु डाटावेशममा समावेश गर्ने।
- अनौपचारिक शिक्ष सञ्चालन गर्ने संस्थाले आ-आफ्नो दक्षता (internal efficiency) र मानवीय, भौतिक तथा आर्थिक स्रोतको तथ्याङ्क अद्यावधिक गर्ने।

- उपलब्ध तथ्याङ्कहरुलाई लैङ्गिक, जातीय, जात विशेष, भाषिक, धार्मिक समूह, र अपाङ्गता छुट्टिने गरी व्यवस्थित गर्ने।
- साक्षरता, वैकल्पिक शिक्षा, खुला विद्यालय र खुला विश्वविद्यालयका विज्ञहरु तथा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालक, सहयोगीकार्यकर्ता। शिक्षक, तालिमकर्ता, स्रोतव्यक्ति, निरीक्षक, सबैको तथ्याङ्क अद्यावधिक गर्ने।
- डाटावेसका लागि तीन किसिमबाट प्राविधिक एवम् प्रशासनिक तथ्याङ्कहरु संकलन गर्नेः अनौपचारिक शिक्षा केन्द्रले आफ्नो फारममार्फत बटुलेको तथ्याङ्कबाट, अनौपचारिक शिक्षा कार्यक्रम चलाउने संस्थाहरुले पठाएको प्रतिवेदनबाट र मूल्याङ्कन प्रतिवेदनबाट।
- डाटावेसलाई वेव पेज, इमेल आदिको माध्यमबाट सर्वसाधारणको पहुँचमा पुट्टयाउने।
- सम्बन्धित संस्थाले अनौपचारिक शिक्षा कार्यक्रमका असल अभ्यासहरुको अभिलेख राख्ने र प्रचार प्रसार गर्ने।

**नीति १०ः कार्यक्रमलाई सवलीकरण गर्न र कार्यरत जनशक्तिको कार्यदक्षता बढाउन तालिम, अनुसन्धान, स्वानुगमन एवम् प्रवर्तनकार्यलाई समावेश गरिने छ।**

*यस नीति  अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुने छन्।*

- प्रत्येक खाले अनौपचारिक शिक्षा कार्यक्रममा अनुसन्धान एवम् प्रवर्तनलाई आबद्ध गरिने छ।
- अनौपचारिक शिक्षा केन्द्रले आफ्ना र अन्य संस्थाहरुले सञ्चालन गरेका अनौपचारिक शिक्षा कार्यक्रमहरुमा अनुसन्धान तथा प्रवर्तनलाई अनिवार्यरुपले आबद्ध गराइने छ।
- रणनीति
- माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।
- अनुसन्धान एवम् प्रवर्तन कार्यलाई अनौपचारिक शिक्षा कार्यक्रमका विभिन्न तहमा आबद्ध गर्ने।
- परिचालक, सहयोगीकार्यकर्ता/शिक्षकको कार्यक्षेत्र भित्रै अनुसन्धान एवम् प्रवर्तनलाई समावेश गर्ने।
- प्राप्त अनुसन्धान एवम् प्रवर्तनको नतिजा विश्लेषण गरी नीति, कार्यनीति, कार्यक्रम, पाठ्यक्रम, पाठ्यसामग्री, तालिम आदिमा समयानुकूल संशोधन गर्ने।

**नीति ११ः सबैका लागि शिक्षा का लक्ष्यहरु प्राप्त गर्न निजी, सरकारी, एवम् गैरसरकारी क्षेत्रलाई परिचालन गरिनेछ।**

*यस अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुनेछन्।*

- साधन र स्रोतको साझेदारी गरिनेछ।
- संयुक्त प्रयासमा विविध कार्यक्रमहरु सञ्चालन गरिने छन्।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- निजी क्षेत्रसँग उपलब्ध भएका मानवीय र भौतिक स्रोतहरुको आदान प्रदान गरी अनौपचारिक शिक्षा कार्यक्रम चलाउने।
- ट्रेडयुनियनहरुले आफ्ना कामदारहरुका लागि साक्षरता कार्यक्रम सञ्चालन गर्न पहल गर्ने र सोको तथ्याङ्क संकलन गरी जिल्ला शिक्षा कार्यालय र अनौपचारिक शिक्षा केन्द्रमा समेत पठाउने।

**नीति १२ः अनौपचारिक शिक्षाको वित्तीय व्यवस्था राष्ट्रको आर्थिक अवस्था एवम् नीतिअनुसार हुनेछ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीति हुने छ।*

- अनौपचारिक शिक्षा केन्द्र तथा अन्य संघ संस्थाले राष्ट्रको आर्थिक नीतिको परिधिभित्र रहेर आ-आफ्नो वित्तीय व्यवस्था मिलाउने छन्।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- गाउँ/नगर शिक्षा योजनाअनुरुप उक्त निकायहरुलाई एकमुष्ट अनुदान (block grant) दिने र सो रकम फ्रीज नहुने प्रवन्ध गर्ने।
- एकमुष्ट अनुदान प्राप्त निकायले स्वविवेकमा स्रोतको बाँडफाँड गर्ने।

- वैकल्पिक विद्यालयको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने मातृविद्यालय तथा गैरसरकारी संस्थालाई व्यवस्थापन खर्च दिने।
- अनौपचारिक शिक्षा सञ्चालन गर्ने संस्थाहरुले सामाजिक लेखापरीक्षण गराउने।
- नोकरीदाता/उद्योग/कारखानाले आफ्ना कामदारहरुका लागि लागत साझेदारी गरी अनिवार्यरुपमा आधारभूत अनौपचारिक शिक्षा उपलब्ध गराउने।
- तोकिएको सर्तमा सहयोगीकार्यकर्ता र निरीक्षकहरुलाई पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ।
- अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुको क्रियाशिलतामा जोडाकोष र साझेदारी कोषको प्रवन्ध गर्ने।

**नीति १३ः अनौपचारिक शिक्षा कार्यक्रमको व्यवस्थापनका लागि स्थानीय निकायले परिचालक (regulator) को भूमिका खेल्नेछ।अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालकहरुले भने विभिन्न मोडालिटिहरु अपनाउन सक्नेछन्। तिनमध्ये स्थानीय निकाय, गैरसरकारी संस्था, सामुदायिक अध्ययन केन्द्र र शिक्षालय मोडालिटिहरु प्रमुख हुने छन्।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुनेछन्।*

- स्थान आवश्यकता र परिस्थिति हेरी कुनै पनि मोडेलबाट अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कुनै पनि मोडेलबाट अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्दा स्थानीय स्वायत्त शासन ऐनको परिधिभित्र रही सम्बन्धित निकायले सञ्चालन गर्नेछ।
- कार्यक्रमहरु सञ्चालन गर्नका लागि विभिन्न समिति एवम् उपसमितिहरु बनाउन सकिनेछ।
- जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयमा अनौपचारिक शिक्षासम्बन्धी कार्यक्रम हेर्ने एकाइ गठन गरिने छ।
- उक्त एकाइहरुले शैक्षिक एवम् गैरशैक्षिक संस्थाहरुले चलाएका अनौपचारिक शिक्षा कार्यक्रमको रेखदेख र अनुगमन गर्ने छन्।

**रणनीति**

*माथिका नीति एवम् कार्यनीतिहरुलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- प्रत्येक मोडेलमा अनौपचारिक शिक्षा बारे जानकार, सहजकर्ताहरुको परिचालन गर्ने।
- भौतिक तथा मानवीय स्रोतको व्यवस्थापन, विकास र स्तरवृद्धिका कार्यक्रम सञ्चालक संस्थाले नै गर्ने।
- कार्यक्रम सञ्चालक संस्थाहरुले घुमन्ते वा अस्थायी बसोबास भएकाहरुका निम्ति घुमन्ते सहयोगी कार्यकर्ताको व्यवस्था गर्ने।
- निरक्षरता उन्मूलन गर्न प्रतियोगितात्मक ढङ्गबाट स्थानीय निकायहरुको परिचालन गर्ने।

**नीति १४ः अनौपचारिक शिक्षा केन्द्रले विभिन्न सरकारी, गैरसरकारी संस्था एवम् अन्तर्राष्ट्रिय संस्थाहरुसँग समन्वय गरी आपसी सहयोगको वातावरण सिर्जना गर्ने छ।**

*यस नीति अन्तर्गत निम्नलिखित कार्यनीतिहरु हुने छन्।*

- अनौपचारिक शिक्षा सम्बन्धी नीति एवम् रणनीतिहरुको अद्यावधिक, परिमार्जन एवम् संशोधन गर्ने छ।
- समन्वय र सहयोगको वातावरण सिर्जनागर्न विकेन्द्रिकरणको अवधारणा अनपाउने छ।
- अनौपचारिक शिक्षा परिषद् र अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालनकर्ताबीच पुलको काम गर्नेछ।
- अनौपचारिक शिक्षा क्षेत्रमा समता, समानता र सामाजिक न्याय कायम गर्न अनौपचारिक शिक्षा परिषद्लाई मद्दत गर्नेछ।
- अनौपचारिक शिक्षाको क्षेत्रमा अनुसन्धान र प्रबर्धनका कार्यहरु गर्ने छ।
- अनौपचारिक शिक्षाका लक्षित समूहका लागि बनेका योजना, कार्यक्रम र कार्य प्रगतिको विवरण सम्बन्धित संस्था, आयोग र प्रतिष्ठानहरुसँग आदान प्रदान गर्ने छ।
- अनौपचारिक शिक्षालाई समय सापेक्ष उर्जा दिन यसका विज्ञ, अनुसन्धानकर्ता, अध्ययनकर्ता र अभ्यासकर्ताहरुको समसामयिक गोष्ठी/कार्यशाला/अन्तरक्रिया गरी नयाँ विचारहरु सिर्जना एवम् वितरण गर्ने प्रवन्ध मिलाउने छ।
- विभिन्न सूचक (indicator) र सूचाङ्क (index) समेटिएका अनुगमन एवम् मूल्याङ्कन खाका तयार तथा प्रयोग गर्ने गराउने छ।
- अनौपचारिक शिक्षामा काम गर्ने व्यक्ति संस्थाहरुलाई पुरस्कृत गर्ने छ।

- अनौपचारिक शिक्षा केन्द्रले कामदारहरुका लागि शैक्षिक कार्यक्रम सञ्चालन गर्ने  उद्योग तथा बाणिज्यसँग सम्बन्धित संघ संस्थाहरुको पहलमा रोजगारदाताहरुसँग छलफल तथा सहकार्य गर्ने छ र आवश्यकताअनुसार आचारसंहिता पनि बनाउने छ।

**रणनीति**

*माथिका नीति एवम् उपनीतिहरु कार्यन्वयन गर्न देहायका रणनीतिहरु हुनेछन्।*

- विभिन्न मन्त्रालय तथा अन्य संघ संस्थाहरुसँग पाठ्यसामग्रीहरुको आदान प्रदान गर्ने।
- अनौपचारिक शिक्षाका कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्ने।
- अनौपचारिक शिक्षासँग सम्बन्धित मानवीय स्रोतहरुको विकास गर्ने।
- अनौपचारिक शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु अद्यावधिक गर्न सहयोग पुर्‍याउने।
- अनौपचारिक शिक्षाको क्षेत्रमा उदाहरणीय काम गर्ने संस्थालाई पुरष्कृत गर्ने र सो को अनुकरण गर्ने व्यवस्था मिलाउने।

**नीति १५ः निरक्षरता उन्मूलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइनेछ। यस कार्यमा स्थानीय निकायलाई जिम्मेवार बनाइने छ।**

**नीति १६ः अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुले यस नीति, कार्यनीति र रणनीतिअन्तर्गत रही आफ्नो कार्यनीतिहरुको तर्जुमा गर्ने छन्।**